# सम्माननीय प्रधानमन्त्री श्री सुशील कोइरालाज्यूबाट विश्व वातावरण दिवस जुन ५, २०१५ को उपलक्ष्यमा दिनुभएको सन्देश



सम्माननीय प्रधानमन्त्री श्री सुशील कोइराला

आदरणीय दिदीबहिनी तथा दाजुभाइहरु,

अप्रत्यासित रुपमा आएको भूकम्पले ल्याएको अकल्पनीय विनासबाट सिङ्गो मुलुक आहत भएको बेलामा हामी विश्व वातावरण दिवस मनाउदैं छौं । यस बर्ष विश्व वातावरण दिवसका लागि "Seven Billion Dreams. One Planet. Consume with Care" अर्थात "एउटै पृथ्वी, सात अर्ब सपना: दिगो उपभोग, हाम्रो चाहना" भन्ने नारा तय गरिएको छ । यस नाराले वातावरण संरक्षणको मर्मलाई आत्मसात गरेको मैले महशुस गरेको छु ।

भौतिक विकासको खोजीमा विश्वमा देखिएको वातावरणीय विनास हाम्रो समयको ठूलो चुनौति हो। व्यक्ति व्यक्तिमा पलाएको भौतिक सुविधा तथा भोग विलासको लालसाको असर हाम्रो प्राकृतिक सम्पदा माथि पर्ने गरेको छ । यही धर्तीमा रहेका प्राकृतिक स्रोत र साधनहरुको दिगो र किफायती उपयोग गरी विश्वका ७ अर्ब मानिसका सपना साकार पार्ने प्रयास गरौ भन्ने आशय यो नारामा निहित रहेको छ ।

अन्य मुलुकमा जस्तै नेपालमा पनि जलवायु परिवर्तन, वनजंगलको विनास, जैविक विविधताको ह्रास, भूक्षय, बाढी, पहिरो, खडेरी जस्ता वातावरणीय समस्याहरु बढ्दै गएका छन् । तापक्रममा बृद्धि,बर्षाको प्रकृतिमा फेरबदल,हिमाल पग्लने क्रममा बृद्धि, हिमआँधी र हिमपहिरोका साथै पानीका मुहानहरुको विलय जस्ता समस्याले हामीलाई आक्रान्त पारेका छन् ।

वि.सं.२०७२ वैशाख १२ गते आएको विनासकारी भूकम्प र तत्पश्चातका पराकम्पनहरुबाट जनधनको अपूरणीय क्षति मात्र भएको छैन, प्राकृतिक वातावरण एवं स्रोतहरुमा गम्भीर असर पुग्न गएको छ । भूकम्पबाट पहाडी र हिमाली क्षेत्रमा हजारौंको संख्यामा पहिरो गएको छ । वनजंगलको नास भएको छ । जीवजन्तु, चराचुरुङ्गी, वनस्पति एवं तिनीहरुको वासस्थान र वातावरणीय सेवामा असर पर्न गएको छ । फुट्ने जोखिममा रहेका हिमतालहरु झन संकटमा परेका छन् । भूकम्पबाट सृजित पहिरो, हिमताल विस्फोटको खतरा जस्ता कारणबाट हाम्रा जलविद्युत आयोजना, सडक, खानेपानी, विद्यालय, बसोबास एवं कृषि क्षेत्रमा ठूलो असर परेको छ । भविष्यमा पर्न सक्ने सम्भावना पनि त्यत्तिकै देखिन्छ ।

नेपाललाई सन् २०२२ सम्म अल्पविकसित मुलुकबाट विकासोन्मुख मुलुकमा रुपान्तरण गर्ने कार्यमा हालैको विनासकारी भूकम्पले ठूलो चुनौती थपेको छ । दिगो सामाजिक-आर्थिक विकासमा वातावरणीय सन्तुलन अपरिहार्य हुन्छ । हामीले आ-आफ्नो ठाउँबाट वातावरणको संरक्षण, प्राकृतिक स्रोतहरुको बुद्धिमतापूर्ण उपयोग, खाद्य पदार्थ, पानी र ऊर्जाको बचत, फोहरमैलाको उत्सर्जनमा कमी, स्रोत-साधनहरुको पुनः प्रशोधन र पुनः प्रयोग जस्ता उपाय एवं कृयाकलाप अवलम्बन गर्दै वातावरण संरक्षण, पुननिर्माण एवं दिगो विकासमा ठूलो टेवा पुऱ्याउन परेको छ । एकको असल प्रयासले प्रकृति संरक्षण हुन सक्छ तर गलत अभ्यासले विनास निम्त्याउछ । पृथ्वीलाई माया गरौं । हाम्रो र भावी पुस्ताको भविष्य सुरक्षित पारौं ।

अन्तमा, वातावरण संरक्षण बहुक्षेत्रगत, बहुआयामिक र बहुसंस्थागत विषय भएकोले यसमा सरकारी, गैर सरकारी, प्राज्ञिक, नीजि तथा व्यवसायिक क्षेत्र, उपभोक्ता एवं आम नागरिकको संलग्नता, सहयोग र समन्वय आवश्यक पर्दछ । आजैदेखि त्यस दिशातर्फ अग्रसर हुन म समस्त दिदीबहिनी तथा दाजुभाइहरुलाई हार्दिक आह्वान गर्दछु ।

जय नेपाल !

२२ जेठ २०७२ ।

(सुशील कोइराला)

# विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयका सचिव डा. कृष्णचन्द्र पौडेलले विश्व वातावरण दिवस जुन ५, २०१५ को उपलक्ष्यमा दिनुभएको शुभकामना



आदरणीय दाजुभाई तथा दिदीबहिनीहरु,

संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रमको आव्हानमा विश्व भरि नै आज विविध कार्यक्रमहरुका साथ विश्व वातावरण दिवस मनाइदैछ । यस वर्षको विश्व वातावरण दिवसको नारा "Seven Billion Dreams. One Planet. Consume with Care" अर्थात एउटै पृथ्वी, सात अर्ब सपना : दीगो उपभोग, हाम्रो चाहना ! तय गरिएको छ ।

विश्वमा हाल देखिएका वातावरणीय समस्या र जलवायु परिवर्तनको कारणबाट हाम्रा हिमालय पर्वत, वनजंगल, जीवजन्तु, कृषि प्रणाली, जलविद्युत आयोजना र मानव बसोबासमा समेत गम्भीर असर परिरहेको छ । प्राकृतिक प्रकोपहरु खास गरी यहि वैशाख १२, २०७२ मा आएको विनाशकारी भूकम्प र तत्पश्चात आएका भूकम्पका हजारौ धक्काहरुबाट हालसम्म ८,७०२ जनाले ज्यान गुमाएका छन् भने २२,२२० जना घाइते भएका छन् । भूकम्पबाट ५ लाख घर क्षति भई लाखौं मानिस घरबार विहीन भएका छन् भने ठूलो मात्रामा आर्थिक, साँस्कृतिक र वातावरणीय क्षति पुगेको छ । भूकम्पको कारणबाट हजारौं ठाउँमा धर्ती चिराचिरा परेको छ । नदीनाला थुनिने र पानीका मुहान परिवर्तन हुने जस्ता विकराल समस्याहरु देखिएको छन् । भूकम्पबाट सिर्जित समस्याहरु खासगरी हिमताल फुट्ने खतरा, भूस्खलन, बाढी र रोगव्याधीको प्रकोपका कारणबाट थप मानवीय क्षति एवं राष्ट्रिय अर्थतन्त्रमा समेत गम्भीर असर पर्ने सम्भावना भएकोले संयमित भई सबै मिलेर आजको यस चुनौतिपूर्ण घडीमा माटो, पानी, हावा, उर्जा तथा कृषि, वनजंगल र जैविक विविधताको संरक्षण गर्न जरुरी हुन गएको छ ।

आजको यस विषम परिस्थितिमा क्षतिग्रस्त घरहरुको पुनःनिर्माण, सरकारी, गैरसरकारी, निजी क्षेत्रका क्षतिग्रस्त संरचना र सेवा प्रदायक संस्थाहरु खासगरी स्वास्थ्य निकाय, शैक्षिक संस्था, संचार, यातायात, विद्युत, खानेपानी, जलविद्युत जस्ता संरचनाहरुको जतिसक्दो मर्मत, संभार, पुनःनिर्माण गरी जनताको जीवनस्तर र अर्थतन्त्रलाई जोगाउने लक्ष्य सरकारले लिएको छ । वातावरण र विकास एक अर्काका पर्यायवाची र परिपूरक भएकोले वातावरण मैत्री विकास अपरिहार्य छ । तसर्थ विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालयले विनासकारी भूकम्पका कारण वातावरणमा परेको प्रभावलाई अध्ययन गरी क्षति आँकलन गरी पुनर्निमाण र पुनरुत्थान कार्ययोजना तयार गर्दैछ । यस अध्ययनले भूकम्प पिडित क्षेत्रमा पुनःर्स्थापना र पुनर्निर्माण कार्यमा वातावरणीय दृष्टिकोणले ध्यान दिनुपर्ने विषयहरुका बारेमा सुझाव दिने छ । एकातिर प्रदूषण र जलवायु परिवर्तनको कारणबाट हामी जोखिममा पर्दै गएका छौं भने अर्को तर्फ भूकम्पबाट थपिएको चुनौतिको सामना गर्दै मुलुकलाई दीगो विकास तर्फ उन्मुख गराउनु आजको आवश्यकता हुन गएको छ । आजको यस पुनित दिनमा म सम्पूर्ण दाजुभाई तथा दिदी बहिनीहरुमा हालै गएको विनासकारी भूकम्पबाट सिर्जित समस्याहरुको सामना गर्दै वातावरण संरक्षण र दिगो विकासको लक्ष्य प्राप्त गर्न हार्दिक आव्हान गर्दछु । अन्त्यमा, वर्तमानको आवश्यकता र हाम्रा सन्ततिको स्वच्छ र सुरक्षित वातावरणमा बाँच्न पाउने नैसर्गिक अधिकारलाई सुनिश्चित गर्न आजैदेखि वातावरण संरक्षण कार्यमा अग्रसर हुन सबैमा हार्दिक आह्वान गर्दछु ।

डा. कृष्णचन्द्र पौडेल
सचिव,
विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय ।